## भूमिका

मुलुक यतिवेला ठूलो राजनैतिक परिवर्तन पश्चात संघिय लोकतान्त्रिक गणतन्त्रात्मक युगतर्फ अग्रसर भएको छ । परम्परावादी सोच र प्रकृयासँग सम्बन्ध विच्छेद गर्दै समग्र आर्थिक सामाजिक रुपान्तरण (Transformation) को माध्यमबाट दिगो समावेसी आर्थिक वृद्धिदर हासिल गर्न सकेमा मात्रै राजनैतिक परिवर्तन र जनआकांक्षाले निर्दिष्ट गरेको स्वाधिन, समुन्नत र जनमूखि नयाँ नेपालको निर्माण हुन सक्दछ ।

मुलुकभित्र अर्थतन्त्रका समष्टिगत पक्षहरु जव न्यूनतमरुपमा पारस्परिक सहयोगी भूमिका निर्वाह गर्दछन् तवमात्र दिगो तथा समावेशी आर्थिक वृद्धिदर हासिल हुन सक्दछ । यी विविध पक्षहरुमध्ये मुलुकको अर्थतन्त्रलाई सफलतापूर्वक आर्थिक सामाजिक रुपान्तरण गर्न व्यापार क्षेत्रको भूमिका महत्वपूर्ण देखिएको विषयलाई आज विश्वव्यापिरुपमा स्वीकार गरिसकिएको छ । अझ नेपाल जस्तो द्वैध अर्थ व्यवस्था (Dualistic Economy) र सामाजिक, साँस्कृतिक र प्राकृतिक सम्पदा सम्पन्न मुलुकमा सन्तुलित व्यापार विकासको माध्यमबाट मुलुकले आत्मसात गरेको विद्यमान चुनौतिको रुपमा रहेको गरीवीलाई न्यूनिकरण गर्न सकिने प्रशस्त गुञ्जायस रहेको छ । अतः दिगो तथा आर्थिक वृद्धिदर हासिल गरी मुलुकभित्र आम समुदायलाई गरीवीको दुष्चक्रबाट वाहिर ल्याउनु नै नेपालको समष्टिगत आर्थिक नीतिको प्रमुख उद्देश्य पनि रहेको छ । यसक्रममा व्यापारलाई अर्थतन्त्रको इञ्जिनको रुपमा महत्व दिइदै आएको भएतापनि प्रतिस्पर्धि अर्थ व्यवस्था र स्वच्छ व्यापार प्रणाली सृजना गर्ने क्रममा ठूलो चुनौती देखिएको छ । नेपालले अर्थतन्त्रको सवलीकरणका लागि सुधारका कार्यक्रमहरु लागु गरिरहेको छ तापनी विद्यमान चुनौती सामना गर्न अझ धेरै प्रयास गर्न बाकी नै रहेको छ । यद्यपि सुधारका कार्यक्रमहरु लागु गरिसकेको छ । विश्व बजारमा आफ्नो पहिचान निर्माण गर्न र वस्तु एवं सेवा व्यापारको विविधिकरणका लागि वहुपक्षीय विश्व व्यापार संगठन (WTO) को सदस्यता साथै क्षेत्रीय व्यापारको अवधारणालाई दिगो वनाउने कार्यका लागि दक्षिण एशिया स्वतन्त्र व्यापार सम्झौता (SAFTA) र BIMSTEC जस्ता क्षेत्रीय व्यापार संगठनको सदस्यता प्राप्त गरी अर्थतन्त्रलाई थप प्रतिस्पर्धि बनाउने क्रममा रहेको छ । यस्ता क्षेत्रीय तथा वहुपक्षिय व्यापार संगठनहरुको सदस्यताबाट प्राप्त हुने अवसरलाई उपयोग गर्न सकिएमा नेपालको

अर्थतन्त्रका विविध पक्षहरुमा थप सकारात्मक प्रभाव पर्न जाने र अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय बजारसँग आवद्ध गर्न, व्यापारको माध्यमबाट लगानीका अवसरहरु अभिवृद्धि गर्न, ग्रामीण अर्थतन्त्रमा रोजगारीका अवसरहरुको सृजना गर्न, अर्थव्यवस्थालाई नयाँ परिवेश अनुरुप रुपान्तरण गर्न एवं गरीवीलाई न्यून गरी नयाँ नेपालको नयाँ खाका कोर्न सहयोग मिल्ने हुन्छ । यस परिप्रेक्ष्यमा दीगो एवं सन्तुलित व्यापार प्रणालीको विकास गर्न नीतिगत, संरचनात्मक र संगठनात्मक सुधारका कार्यक्रमहरुलाई निरन्तरता दिन अझ जरुरी भएको छ ।

## १. नेपालको व्यापार संरचना

समष्टिगत रुपमा हेर्दा नेपालको कूल व्यापार संरचना सन्तोषप्रद रहेको पाइदैन । आयातको अनुपातमा निर्यात वृद्धि गर्न नसक्दा प्रतिवर्ष व्यापारघाटा बढ्दो अवस्थामा रहेको छ । उदाहरणको लागि सन् २००२/०३ मा देशको कूल व्यापारमा निर्यातको अंश २८.१ प्रतिशत रहेकोमा सन् २००७/०८ मा घटेर १९.७ प्रतिशत रहन गएको छ भने सोही अवधिमा आयातको अंश ७१.९ प्रतिशतबाट बढेर ८०.३ प्रतिशत पुगेको छ । जसका कारण सन् २००२/०३ मा नेपालको समग्र व्यापार घाटा ४३.८८ प्रतिशत रहेकोमा सन् २००७/०८ सम्म आईपुग्दा सो अंश ६०.६७ प्रतिशत पुगेको छ । निर्यातयोग्य प्रमुख वस्तुहरु खास गरेर पशिमना, तयारी पोशाक, ऊनी गलैचा आदिको निर्यातमा आएको ह्रासको कारणले गर्दा निर्यात व्यापारमा समेत उल्लेखनीय वृद्धि हुन सकेको छैन । फलस्वरुप सन् २००७/०८ को अन्त्यसम्मा आइपुग्दा नेपालको कूल निर्यात व्यापार गतवर्षको भन्दा ३.३ प्रतिशतले कम हुन गएको छ । यद्यपि विप्रेषण, वाह्य स्रोत र अनुदानका कारणले गर्दा समग्र भुक्तानी सन्तुलनको अवस्था भने यस अवधिसम्म आइपुग्दा पनि सकारात्मक नै देखिएको छ ।

## विगत ५ वर्षको आयात-निर्यात र व्यापार घाटाको स्थिति

*मुल्य रु. १० लाखमा*

| आर्थिक वर्ष | निर्यात | कूल निर्यात प्रतिशतमा | आयात | कूल आयात प्रतिशतमा | कूल व्यापार | व्यापार घाटा | कूल व्यापार घाटा प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| २००२/०३ | ५००११ | २८.१ | १२८२२८ | ७१.९ | १७८२३९ | ७८२१७ | ४३.८८ |
| २००३/०४ | ५३९४९ | २८.४ | १३५८४० | ७१.६ | १८९७९० | ८१८९१ | ४३.१४ |
| २००४/०५ | ५८४४४ | २८.३ | १४८२९४ | ७१.७ | २०६७३८ | ८९८५० | ४३.४६ |
| २००५/०६ | ५९७७७ | २७.१ | १६०६७८ | ७२.९ | २२०४५५ | १००९०१ | ४५.७८ |
| २००६/०७ | ५९०७३ | २३ | १९७६७६ | ७७.० | २५६७४९ | १३८६०३ | ५३.९८ |
| २००७/०८* | ५८५४५ | १९.७ | २३९१७८ | ८०.३ | २९७७२३ | १८०६३३ | ६०.६७ |

नोटः- * अनुमानित

श्रोतः- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २००८

कूल गाह्स्थ उत्पादनको आधारमा नेपालको आयात निर्यात स्थितिको विश्लेषण गर्दा सन् १९९५/९९ को अवधिमा नेपालबाट भएको कूल निर्यातको अंश कूल गाह्स्थ उत्पादनको २४.३ प्रतिशत रहेकोमा सन् २००७/०८ को अवधिसम्म आइपुग्दा सो अंश घटेर १३.४४ प्रतिशत पुगको छ । आयात तर्फ सोही अवधिमा ३५.५५ प्रतिशतबाट सामान्यरुपमा घटी ३३.३२ प्रतिशतमा झरेको छ । यस तथ्याङ्कले समेत नेपालको आयात र निर्यात बीचको असन्तुलनलाई प्रष्ट पारेको छ ।

## नेपालको आयात-निर्यात अवस्था
### (कूल गार्हस्थ उतपादनको अनुपातमा)

| सूचक | सन् १९९५-९९ | २०००-२००४ | २००५-२००६ | २००६-२००७ |
|---|---|---|---|---|
| कूल गाह्स्थ उत्पादनको अनुपातमा निर्यात | २४.३ | १८.३३ | १४.७३ | १३.४४ |
| कूल गाह्स्थ उत्पादनको अनुपातमा आयात | ३५.५५ | ३०.०८ | ३२.९८ | ३३.३२ |

## २. समस्या र चुनौती

सामान्यतया व्यापारलाई अर्थतन्त्रको इञ्जिनकोरुपमा परिभाषित गरिएता पनि नेपालको सन्दर्भमा यो विषय व्यवहारमा लागु गर्न सकिएको छैन । विगतमा केहि रुपमा संस्थागत र नीतिगत सुधारहरु गरिएको भएतापनि यस प्रकारको प्रयास पर्याप्त छैन । व्यापारको कूल योगदानले अर्थतन्त्रलाई उल्लेखनीय रुपबाट रुपान्तरण गर्न सकेको पाइएको छैन । यसका साथै व्यापारले गरीवी निवारणमा पुर्‍याएको योगदान समष्टिगत रुपमा हेर्दा ज्यादै न्यून देखिएको छ । यस्तो हुनुमा निम्न पक्षहरुलाई जिम्मेवार मान्न सकिन्छः-

२.१ व्यापार विकासका लागि उपयुक्त कानून र संस्थागत सुधारहरु हुन नसकेको ।

२.२ निर्यातमूलक उद्योगहरुलाई अर्थतन्त्रका अन्य क्षेत्रहरुसंग प्रभावकारी ढंगमा आवद्ध गर्न नसकिएको ।

२.३ निर्यातयोग्य वस्तुको दिगोपनाका लागि अग्र, पृष्ट र समानान्तर (Forward, Backward and Parallel Linkages) सम्बन्ध विकास हुन नसकेको ।

२.४ अधिकांश निर्यातजन्य उद्योगहरुमा आयातित कच्चा पदार्थको वाहुल्यता रहेको ।

२.५ निर्यातजन्य उत्पादनको गुणस्तरता कायम हुन नसकेको र वस्तु विविधिकरण हुन नसकेको ।

२.६ निर्यात अभिवृद्धि गर्ने पूर्वाधारहरुको अपर्याप्तता रहेको ।

२.७ उपलब्ध पूर्वाधारहरुलाई समेत पूर्ण उपयोगमा ल्याउन नसकिएको ।

उपरोक्त पृष्ठभूमिमा आगामि दिनमा निर्यात प्रवर्द्धनका लागि निम्न बमोजिमका कार्यहरुलाई प्राथमिकताकासाथ अगाडि बढाउनु पर्ने आवश्यकता देखिएको छ ।

- कानूनी, नीतिगत र संस्थागत सुधारका कार्यक्रमहरुलाई नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता अनुसार समसामयीक बनाउदै लैजाने ।
- नेपालबाट विश्व वजारमा निर्यात हुने प्रतिस्पर्धि र तुलनात्मक लाभका वस्तुहरुको पहिचान, विकास र विविधिकरण गर्ने ।

- व्यापार सम्बन्धि पूर्वाधार एवं पारवहन यातायात क्षेत्रको विकास गरी वस्तुको मूल्यलाई प्रतिस्पर्धी वनाउने ।
- छिमेकी मुलकहरुसँगको व्यापार विस्तार गर्ने ।
- मूल्यसाङ्गलो (Value Chain) को सुधार र आर्थिक कुटनीतिको विकास तथा विस्तार गर्ने ।
- द्विपक्षीय, क्षेत्रीय र वहुपक्षीय व्यापार सम्बन्धी वार्तामा प्रभावकारी ढंगमा भाग लिन वार्ता क्षमता अभिवृद्धि गर्ने ।

## ३. दीर्घकालिन उद्देश्यः

निर्यातजन्य वस्तु तथा सेवा व्यापारको प्रभावकारी प्रवर्द्धनको माध्यमबाट गरीवी निवारण कार्य एवं आर्थिक विकासको उद्देश्य हासिल गर्न सघाउ पुर्‍याउने र विश्वव्यापीकरणको प्रभावबाट नेपाललाई पर्ने प्रतिकूल असरहरुलाई न्यूनीकरण गर्दै मुलुकको व्यापार प्रणालीलाई विश्व व्यापारसँग आवद्ध गर्दै लैजाने ।

## ४. उद्देश्यः-

४.१ व्यापारबाट प्रप्त हुने लाभ सर्वसाधारण जनतामा पुर्‍याई गरीवी न्यूनीकरण गर्दै लैजाने ।

४.२ प्रतिस्पर्धि र तुलनात्मक लाभका वस्तुहरु तथा सेवाको विकास गरी व्यापारको संचालनबाट मूलुकले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने ।

४.३ वहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापारबाट प्राप्त हुने लाभको अधिकतम उपयोग गर्न अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी वैठक र वार्तामा प्रभावकारी ढंगमा सहभागीता जनाउने ।

४.४ देशभित्रका संस्थागत संरचना, नियमन व्यवस्था तथा भौतिक पूर्वाधारमा सुधार गरी व्यापार र औद्योगीक मैत्री  बाताबरण बनाउनेतर्फ प्रयास गर्ने ।

४.५ निर्यातजन्य उद्योगहरुमा निजी क्षेत्रलाई सक्रियरुपमा संलग्न गराउने वातावरणको सृजना गर्ने ।

## ५. रणनीतिः-

५.१ व्यापारलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख अंगको रुपमा विकास गर्ने ।

५.२ वस्तु तथा सेवाको निर्यातजन्य क्षमता अभिवृद्धि गर्न उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

५.३ निर्यातजन्य वस्तु तथा सेवाको पहिचान र मूल्यसाङ्लोको समूचित विकास गर्ने ।

५.४ व्यापार तथा पारवहन सम्बन्धी पूर्वाधारहरुको विकास गर्ने ।

५.५ परम्परागत वस्तुहरुको संरक्षण र प्रवर्द्धन गर्ने ।

५.६ निजी क्षेत्रको क्षमता अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गर्ने ।

५.७ संस्थागत, नीतिगत तथा संरचनात्मक सुधारका कार्यक्रमहरुलाई निरन्तरता दिने ।

## ६. कार्य योजना

व्यापार प्रणालीलाई नेपाली अर्थतन्त्र विकासको एक प्रमुख अंगको रुपमा लिई व्यापार क्षेत्र विकासका लागि निम्नलिखित कार्यहरुलाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।

### ६.१ आपूर्ति /निर्यात क्षमता (Supply-side Capacity) अभिवृद्धि गर्नेः-

नेपालको निर्यात व्यापार प्रवर्द्धनमा आपूर्ति क्षमताको कमी प्रमुख कठीनाइको रुपमा रहेको छ । नयाँ र सम्भाव्य वस्तुहरुको पहिचान, विकास, उत्पादन र उत्पादकत्व वृद्धि, वस्तुको गुणस्तर जस्ता विषयहरु आपूर्ति जन्य कठीनाई हुन् । यसको अलावा नयाँ प्रविधिको विकास, अनुकूल व्यवसायिक वातावरणको श्रृजना एवं व्यापार सम्बन्धी भौतिक पूर्वाधारको व्यवस्थाले समेत आपूर्ति क्षमतालाई प्रभाव पर्ने भएकोले यस तर्फ विशेष कदम चालिने छ ।

### ६.२ नयाँ वस्तुको पहिचान तथा विकास र नीतिगत सुसंगति (Coherence) मा जोड दिनेः-

औद्योगिक नीति, वैदेशिक लगानी तथा व्यापार नीति, पर्यटन नीति, स्वास्थ्य एवं शिक्षा नीतिहरुको समन्वयात्मक कार्यान्वयनद्वारा आन्तरिक तथा वाह्य लगानीलाई प्रोत्साहित गर्ने र लगानी मैत्री वातावरण तयार गरिनेछ । यसै गरी निर्यात योग्य देखिएका चिया, कफी, अलैंची, दाल, गरगहना, पुष्प गुच्छा (Cut Flower), छाला, अदुवा, हाते कागज, सुगन्धित तेल (Essential Oil),

कलात्मक काष्ठ कलाका सामानहरु, मह, सुन्तला, हरियो तरकारी आदि जस्ता वस्तुहरुको पहिचान र विकास गर्नुका साथै यी क्षेत्रको लाभलाई समाजका गरीव तथा तल्लो तहसम्म पुर्‍याउने व्यवस्था मिलाइने छ । यसका लागि व्यवसायिक खेती, वीऊवीजन, मल, कृषि प्रसार सेवा, प्रशोधन गृह स्थापना, सहकारिता, एक गाउँ एक उत्पादन, चिस्यान केन्द्र, भण्डारण गृह जस्ता कार्यक्रम तथा क्रियाकलापहरुलाई प्रोत्साहित गरी कार्यान्वयन गरिने छ ।

६.३ <u>व्यापार र पारवहन सम्बन्धि पूर्वाधार विकास गर्नेः</u>-

नेपालको अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धिमा अपर्याप्त श्रोत साधन र कमजोर यातायात पूर्वाधारले नकारात्मक असर पारेको छ । यसको अलावा देशको भू-परिवेष्ठित स्थिति र कम प्रभावकारी यातायात व्यवस्थाले व्यवसायको लागतमा उच्च वृद्धि गरेको छ । यसर्थ यी समस्याहरुको समाधानका लागि झापा, पाँचखाल, धनुषा, वीरगञ्ज, जुम्ला र धनगढि लगायतका स्थानहरुमा विशेष आर्थिक क्षेत्र (SEZ) को स्थापना गर्ने, स्थानिय सडक यातायातको विस्तार गर्ने, सूचना प्रविधि पार्कलाई विशेष आर्थिक क्षेत्रमा रुपान्तरण गर्ने र पेट्रोलियम पाइपलाईन निर्माणमा विशेष जोड दिईने छ । यसै गरी पारवहन कोरिडोर (Corridor) को विविधिकरण, फुलवारी-वंगलावन्ध कोरिडोरको सुधार, काठमाण्डौलाई तराईसँग जोड्ने Fast Track Road को निर्माण, जिल्ला सदरमुकाम जोड्ने Feeder Roads को निर्माण, पूर्व पश्चिम विद्युतीय रेल मार्गको निर्माण जस्ता वृहत् परियोजनाहरुमा जोड दिईने छ । तातोपानी र रसुवागढीमा थप सुख्खा वन्दरगाहको निर्माण, एकिकृत भंसार विन्दुहरुको विकास तथा क्षमता अभिवृद्धि हुने कार्यक्रमहरुका साथै आयात निर्यात हुने वस्तुको गुणस्तर प्रमाणिकरण गर्न आवश्यक पर्ने प्रयोगशाला सुधार जस्ता कार्यक्रमहरुलाई समेत अगाडि बढाइनेछ ।

६.४ <u>निर्यात प्रवर्द्धन र वजार पहुँचः</u>-

निर्यात प्रवर्द्धन र वजार पहुँच अन्तर्राष्ट्रिय व्यापारको महत्वपूर्ण अवयवहरु हुन । यसका लागि अन्तर्राष्ट्रिय व्यापार, मेला प्रदर्शनीहरुमा सहभागिता गर्ने, निर्यात प्रवर्द्धन कोषको प्रभावकारी उपयोग गर्ने, विदेश स्थित कुटनीतिक नियोगहरुमार्फत व्यापार सम्बन्धी सूचनाको प्रवाहमा

जोडदिई प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ । निर्यात प्रवर्द्धन गृहको प्रभावकारी सञ्चालन गर्ने, जी.एस.पी. सुविधा र Duty Free Quota Free जस्ता संयन्त्रको अधिकतम उपयोग गरी नेपाली निर्यातका वस्तुहरुको विश्वका ठूला र विकसित बजारहरुमा पहुँच वढाइने छ । यसै गरी द्विपक्षीय, क्षेत्रीय तथा वहुपक्षीय व्यापार सम्झौताहरुको उपयोग गरी नेपाली वस्तुहरुको निर्यात तथा वजार पहुँचमा सुधार ल्याईने छ ।

### ६.५ परम्परागत वस्तुहरुको संरक्षण र प्रवर्द्धनः-

नेपालको निर्यात व्यापारमा गलैंचा, तयारी पोशाक, पश्मिना, हस्तकलाका सामग्री, गरगहना जस्ता वस्तुहरुको ठूलो योगदान छ । त्यसैले यस्ता परम्परागत निर्यातजन्य वस्तुहरुको संरक्षण तथा प्रवर्द्धन गरिने छ । यसका लागि विशेष आर्थिक क्षेत्र अन्तरगत Garment Processing Zone (GPZ) / Carpet Processing Zone (CPZ) स्थापनामा विशेष जोड दिईने छ भने हस्तकला डिजाइन सेन्टरलाई प्रभावकारी ढंगमा सञ्चालनमा ल्याईने छ । काठमाण्डौ लगायत मुलुकका अन्य केहि संभाव्य स्थानमा हस्तकला ग्राम (Handicraft Village) को स्थापना गरी सञ्चालनमा ल्याईने छ । पश्मिना र उनी गलैंचाको लागि आवश्यक पर्ने ऊन स्वदेशमै उत्पादन गर्ने वातावरण श्रृजना गरिने छ । नेपाली गलैंचा र पश्मिनाको सामूहिक व्यापार चिन्ह प्राप्त गर्न आवश्यक पहल गरिने छ भने नेपाली तयारी पोशाक तथा गलैंचाको विशेष बजार (Niche Market) को पहिचान गर्ने, हस्तकलाका सामानहरुको गुणस्तर कायम गर्दै वस्तु विकास गर्ने कार्यक्रमहरुलाई जोड दिईने छ । यसका साथै नेपाली सीप, कला र कौशलको वौद्धिक सम्पत्ति संरक्षणमा विशेष जोड दिईने छ ।

### ६.६ संस्थागत सुधार/मानवीय संसाधनको विकासः-

कमजोर संस्थागत संयन्त्र र दक्ष जनशक्तिको अभाव देशको व्यापार विकास र विस्तारको मुख्य मुद्दा (Issue) रहँदै आएको छ । व्यापार वार्ता, आर्थिक कुटनीति र निर्यात प्रवर्द्धनजस्ता क्रियाकलापहरुले निकासी व्यापार वृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । तसर्थ देशको

व्यपार सम्बन्धि संस्थागत तथा मानवीय संसाधन व्यवस्थामा सुधार ल्याउन निम्न कार्ययोजनाहरुमा जोड दिईने छ ।

- व्यापारसँग संलग्न राष्ट्रिय संस्थाहरुको सुदृढिकरण र क्षमता अभिवृद्धि गर्ने ।
- वाणिज्य नीतिलाई समसामयिक बनाई कार्यान्वयन गर्ने ।
- व्यापारसँग सम्बद्ध अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालनलाई जोड दिने ।
- व्यापार क्षमता विकास सम्बन्धी तालीम र सीप विकास कार्यक्रम सञ्चालन गर्ने ।

६.७ निजी क्षेत्रको क्षमता अभिवृद्धिः-

व्यापार तथा लगानीका क्षेत्रमा निजी क्षेत्र र संस्थाहरुले प्रमुख भूमिका खेल्न सक्दछन् । तर नेपालमा त्यस्ता क्षेत्र तथा संस्थाहरुको क्षमता अभिवृद्धि तथा आपसी समन्वय संयन्त्रको अभाव देखिन्छ । त्यसैले निजी क्षेत्रसँग सम्बन्धित विभिन्न संस्थाहरुवीच आपसी समन्वय र सुमधुर सु-सम्बन्ध स्थापना गरी राष्ट्रिय व्यवसायिक वातावरणमा सुधार ल्याउने र राष्ट्रिय विकासका मुद्दाहरुमा ती संस्थाहरुको योगदान अभिवृद्धि गर्न अत्यावश्यक छ । यसका लागि निम्न कार्यहरुलाई प्रभावकारीरुपले कार्यान्वयन गरिने छ ।

- सार्वजनिक-निजी साझेदारी कार्य समन्वय संयन्त्र निर्माणका लागि पहल गर्ने (Nepal Business Forum को स्थापना ) ।
- उद्योग व्यवसायसँग सम्बन्धीत निजी क्षेत्रका सरोकारवाला संस्था जस्तै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श आदि जस्ता संस्थाहरुको कार्य दक्षता एवं क्षमता विकासमा सहयोग पुर्‍याउने ।
- व्यापार विकास तथा लगानी प्रवर्द्धन सम्बन्धी नीति निर्माणमा निजी क्षेत्र (गै.स.सं., नागरिक समाज आदी) को सहभागिता सुनिश्चित गर्ने ।
- वाणिज्य नीतिमा उल्लेख भएका निजी क्षेत्र विकासका कार्यक्रमहरुलाई लागु गर्दै लैजाने ।
- व्यापारिक क्रियाकलापमा निजी क्षेत्रको संलग्नता वृद्धि गर्ने कार्यमा सरकारले सहज वातावरण निर्माण गर्दै लैजाने ।

**निष्कर्ष:-**

विश्वव्यापीरुपमा बढ्दै गएको "सहयोग होइन व्यापारको व्यवस्थापन गर" (Trade not Aid) भन्ने मान्यतालाई आज भोलि संसारका स-साना मुलुकहरुले पनि आत्मसात गर्दै आएका छन् । अतः नेपालले पनि परम्परागत अर्थतन्त्रलाई मुलुकको आवश्यकतानुरुपको आधुनिकीकरण तर्फ रुपान्तरण गर्न व्यापार क्षेत्रलाई एउटा महत्वपूर्ण कडिको रुपमा विकास गर्नु पर्दछ । द्विपक्षीय, क्षेत्रीय र वहुपक्षीय  व्यापार प्रणालीमा आवद्ध भई व्यापारबाट प्राप्त लाभका लागि स्वच्छ र प्रतिस्पर्धि वातावरण निर्माण गर्नु आवश्यक छ । यसका लागि हाम्रा संगठनात्मक र नीतिगत सुधारका विषयहरुलाई पनि संगसंगै लिएर जानु नितान्त आवश्यक छ भने हाम्रो संस्थागत मनोवृत्तिमा पनि तदनुरुप परिवर्तन गर्न जरुरी हुन्छ । यसो भएमा मात्र आगामि दिनमा व्यापारबाट प्राप्त लाभलाई गरीवी निवारणमा प्रभावकारी रुपमा उपयोग गर्न सकिन्छ ।

विश्वका दुई ठूला र उदियमान अर्थतन्त्रवीच रहेको नेपालको मुख्य समस्या गरीवी निवारण नै रहेको छ । यस क्रममा दिगो र समावेसी आर्थिक वृद्धिदर हासिल गरी गरीवीको स्तर न्यून गर्ने नै नेपालको समष्टिगत आर्थिक नीतिको प्रमुख उद्देश्य रहेको छ ।

| **Fiscal Year** | Export | **% in Total** | **Imports** | **% in Total** | **Total Trade** | **Trade Deficit** |
|---|---|---|---|---|---|---|
| २००२/०३ | ५००१११२२ | 28.1 | 128,228,134 | 71.9 | 178,239,256 | 78,217,012 |
| २००३/०४ | ५३९४९४१४ | 28.4 | 135,840,335 | 71.6 | 189,789,749 | 81,890,921 |
| २००४/०५ | ५८४४३८२१ | 28.3 | 148,294,229 | 71.7 | 206,738,050 | 89,850,408 |
| २००५/०६ | ५९७७६८७४ | 27.1 | 160,677,294 | 72.9 | 220,454,798 | 100,901,050 |
| २००६/०७ | ५९०७३०९७ | 23 | 196,676,512 | 77.0 | 256,749,609 | 138,603,415 |